# लुङ्ग्री गाउँपालिका

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः ९)    बडाचौर,    आश्विन २ गते,    २०८२ साल    (संख्या ३

## भाग २

लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी पदपूर्ती तथा परिचालन कार्यविधि (पहिलो संशोधन), २०८२

**प्रस्तावना:** लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी पदपूर्ती तथा परिचालन कार्यविधि, २०८० लाई संसोधन गर्न वाञ्छनीय भएकोले, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी पदपूर्ती तथा परिचालन कार्यविधि (पहिलो संशोधन), २०८२” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **लुङ्ग्री गाउँपालिकाको नगर प्रहरी पदपूर्ती तथा परिचालन कार्यविधि, २०८०(यसपछि कार्यविधि भनिएको) को दफा १५ मा संसोधनः** कार्यविधिको दफा १५ को उपदफा ३, ४, ५ को सट्टा देहायको व्यवस्था राखिएको छः-

(३) शारीरिक तन्दुरुस्ती परीक्षणमा सफल भएका उम्मेदवारलाई लिखित परीक्षामा सहभागी गराइने छ।

(४) लिखित तथा शारीरिक तन्दुरुस्ती परीक्षण सम्बन्धी पाठ्यक्रम समितिले तोके बमोजिम हुने छ।

(५) प्रारम्भिक योग्यता र लिखित परीक्षामा सहभागी मध्ये उत्तिर्ण हुने उम्मेदवारलाई तेस्रो चरणमा प्रवेश लगिने छ।

३. **कार्यविधिको दफा १६ मा संसोधनः-** कार्यविधिको दफा १६ को उपदफा १ मा “प्रारम्भिक योग्यता परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अंकको आधारमा” भन्ने स्थानमा “सबै चरणका परीक्षामा प्राप्त गरेको अंकका आधारमा” भन्ने राखिएको छ।

आज्ञाले

अनिल रिजाल

प्रमुख प्रशासकीय अधिकृत